फेदाप गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्ष:-९८५२०८०५००
उपाध्यक्ष:-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

प.सं. २०७५।०७६ मिति:२०७५।१२।२१

च.नं. ९२३

विषय: सूचना टाँस बारे ।

श्री २ नं.वडा कार्यालय
ओयाक्जुङ्ग,तेह्रथुम

प्रस्तुत विषयमा यस फेदाप गाउँपालिका कृषि सेवा शाखाको आ.व.२०७५।०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसारको सूचना यसै पत्र साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ। उक्त सूचना प्राप्त भए पछि तहाँको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाईदिनु हुन समेत अनुरोध छ। पुनश्च उक्त सूचना जनप्रिय पुर्थुङ्गा सामुदायिक उपभोक्ता समिति का लाभग्राहिहरुको लागि मात्र आकर्षित रहेकाले सम्बन्धित उपभोक्ता समक्ष पुर्याईदिनु हुन जानकारी गराईन्छ ।

..........................
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशाशकीय अधिकृत

सूचना तथा प्रविधिक
शाखा

फक्ताङलुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोक्लवाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः-९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

प.सं.२०७५।०७६

मिति:२०७५।१२।२१

च.नं.

विषय:तरकारी खेति/च्याउ/मौरी सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना ! सूचना !! सूचना !!!

यस कार्यलयको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई तरकारी खेती, च्याउ, मौरी सम्बन्धी कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्दन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार, वेरोजगार युवा युवतीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखस्त दिनु होला । पूनश्चः आवेदन साथ तपशित अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपशिल

१. अनुसूची २ अनुसारको आवेदन फारम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु ।

.............................
सुमन लिङदेन(लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोक्लबाङ, तेह्रथुम
१ नं. प्रदेश नेपाल

अध्यक्ष:-९८५२०८०५००
उपाध्यक्ष:-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

प.सं.२०७५।०७६

मिति:२०७५।१२।२१

च.नं.

**विषय:मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयको आ.व. २०७५/०७६ को सामुदायिक व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजनाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मागमा आधारित आय आर्जनको लागि सहयोग गर्ने कार्यक्रम रहेको हुँदा अर्ध वेरोजगार,वेरोजगार कृषक/समूह/सहकारीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति .......... गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्तका साथ तपसिलमा उल्लेख भए अनुसार कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क) आय आर्जनको लागि सहयोग गर्ने कार्यक्रम: व्यवसायिक तरकारी खेती, च्याउ उत्पादन, मौरीपालन, व्यवसायिक फलफूल खेती तथा अन्य कृषिमा आधारित योजना
ख) सञ्चालन हुने क्षेत्र: सिंचाई उप आयोजनाको कमाण्ड क्षेत्र भित्र
ग) आयोजनाबाट उपलब्ध हुने अनुदान सहयोग: लागत साझेदारी (५०:५० अनुपात) मा सहयोग अनुदान रकम प्रतिफलको आधारमा उपलब्ध हुने ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. रु. १० को हुलाक टिकट टाँस भएको अनुसूचि २ अनुसारको आवेदन फाराम ।
२. अनुसूचि ३ अनुसारको संक्षिप्त अवधारणा पत्र सहित कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणि प्रतिलिपी ।
४. कार्यक्रम सञ्चालन हुने स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी वा भाडाको जग्गा भएमा कम्तिमा १ वर्षको करारनामा ।
५. सम्बन्धित जल उपभोक्ता समितिको सिफारिस पत्र ।
६. अन्य प्रमाणित प्रमाण पत्रहरु ( तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

.........................
सुमन लिङदेन(लिम्बु)
प्रमुखप्रशासकीय अधिकृत